**प्रदेश लोक सेवा आयोग**

सुदूरपश्चिम प्रदेश

**प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा अन्तरगत स्वास्थ्य सेवा, आयुर्वेद समूह, अधिकृत आठौं तह वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

पाठ्यक्रमको रुपरेखा : यस पाठ्यक्रम योजनालाई निम्नअनुसार दुई चरणमा विभाजन गरिएको छ।

**प्रथम चरण : लिखित परीक्षा (Written Examination)** — **पूर्णांक : २००**

**द्वितीय चरण : सामूहिक परीक्षण र अन्तरवार्ता (Group Test & Interview)** — **पूर्णांक : ३५**

**परीक्षा योजना (Examination Scheme)**

**१. प्रथम चरण : लिखित परीक्षा (Written Examination)** — **पूर्णांक : २००**

| पत्र | विषय | पूर्णांक | उत्तीर्णांक | परीक्षा प्रणाली | प्रश्न संख्या × अंक | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | आयुर्वेद सम्बन्धी विषय | १०० | ४० | वस्तुगत बहुवैकल्पिक (MCQs) | १०० प्रश्न × १ अंक | १ घण्टा १५ मिनेट |
| द्वितीय | | १०० | ४० | विषयगत (Subjective) | १० प्रश्न × १० अंक | ३ घण्टा |

**२. द्वितीय चरण : सामूहिक परीक्षण र अन्तरवार्ता (Group Test & Interview)** — **पूर्णांक : ३५**

| विषय | पूर्णांक | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| सामूहिक परीक्षण (Group Test) | १० | सामूहिक छलफल (Group Discussion) | ३० मिनेट |
| व्यक्तिगत अन्तरवार्ता (Interview) | २५ | मौखिक ( Oral) | - |

**द्रष्टब्य**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ।

२. लिखित परीक्षाको दुवै पत्रको विषयवस्तु एउटै हुनेछ।

३. प्रथम र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ।

४. प्रथम तथा द्वितीय पत्रका पाठ्यक्रमका एकाईहरुबाट सोधिने प्रश्नहरुको संख्या निम्न अनुसार हुनेछ।

<table>
<tr><td>प्रथम पत्रका एकाई</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>६</td><td>७</td><td>८</td><td>९</td><td>१०</td><td>११</td><td>१२</td><td>१३</td><td>१४</td></tr>
<tr><td>प्रश्न संख्या</td><td>५</td><td>५</td><td>५</td><td>६</td><td>१०</td><td>६</td><td>६</td><td>६</td><td>६</td><td>१०</td><td>१५</td><td>१०</td><td>५</td><td>५</td></tr>
<tr><td>द्वितीय पत्रका खण्ड</td><td colspan="4">A</td><td colspan="3">B</td><td colspan="3">C</td><td colspan="4">D</td></tr>
<tr><td>द्वितीय पत्रका एकाई</td><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>६</td><td>७</td><td>८</td><td>९</td><td>१०</td><td>११</td><td>१२</td><td>१३</td><td>१४</td></tr>
<tr><td>प्रश्न संख्या</td><td>१</td><td colspan="2">१</td><td>१</td><td>१</td><td colspan="2">१</td><td colspan="2">१</td><td>१</td><td>१</td><td>१</td><td colspan="2">१</td></tr>
</table>

५. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बाफत २० प्रतिशत अंक कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बाफत अंक दिईने छैन र अंक कट्टा पनि गरिने छैन।

६. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर प्रयोग गर्न पाईने छैन।

७. विषयगत प्रश्नका लागि तोकिएका १० अंकका प्रश्नहरुको हकमा १० अंकको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तरगत दुई वा बढी टिप्पणीहरु (Shorts notes) सोध्न सकिने छ।

८. द्वितीय पत्रमा प्रत्येक खण्डका लागि छुट्टाछुटै उत्तरपुस्तिकाहरु हुनेछन्। परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नु पर्नेछ।

९. यस पाठ्यक्रम योजना अन्तरगतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि संसोधन भएका वा समसोधन भई हटाईएका वा थप गरी संसोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

१०. प्रथम चरणको लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको सामूहिक परीक्षण र अन्तरवार्तामा सम्मिलित गराईने छ।

११. यो पाठ्यक्रम मिति २०८१।०६।१५ गते देखि लागु हुनेछ।

**प्रदेश लोक सेवा आयोग**

**सुदूरपश्चिम प्रदेश**

**प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा अन्तरगत स्वास्थ्य सेवा, आयुर्वेद समूह, अधिकृत आठौं तह वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**प्रथम र द्वितीय पत्र : आयुर्वेद सम्बन्धी विषय**

## Section: (A) - 30 Marks

**१) मौलिक सिद्धान्त एवम् इतिहास**

आयुर्वेदको अवतरण, प्रकृति, शरीर, मन, आत्मा, दोष-भेद-स्थान-कर्मको ज्ञान । धातु, उपधातु, मल संख्या, नाम, पञ्चमहाभूतको ज्ञान । द्रव्य-गुण-कर्म-सामान्य विशेषादिको ज्ञान । प्रमाण-प्रत्यक्ष, अनुमान- आप्तोपदेश, युक्ति, कारण आदिको ज्ञान र मौलिक सिद्धान्तका समग्र विषयहरुको ज्ञान , आयुर्वेदको इतिहास सम्वन्धी ज्ञान ।

**२) शरीर रचना बिज्ञान:**

शरीर रचनागत गर्भशरीर (गर्भको परिभाषा, सूक्ष्म-रचनात्मक परिचय, गर्भाधान, गर्भ पोषण, अपरा निर्माण, अङ्ग-प्रत्यङ्ग निर्माण आदिको ज्ञान) अस्थिशारीर, सन्धिशारीर, लसिका संस्थान, पेशी शारीर, सिरा- धमनी र स्रोत शारीर एवम् विभिन्न संस्थानहरुको ज्ञान ।

**३) शरीर क्रिया बिज्ञान:**

ग्रन्थी-कला-त्वक्-मर्म, इन्द्रिय शारीरको ज्ञान । सञ्चय, प्रकोप, प्रसर आदि षड्क्रियाकालको ज्ञान, दोषहरुको विकारकारित्व, व्याधिजनकत्व, दोषहरु वात- पित्त-कफहरुको भेदानुसार स्थान-गुण-कर्मको ज्ञान । प्राणवहस्रोतस । रक्त परिभ्रमण, हत्कार्यचक्र, रक्तचाप, नाडीको ज्ञान। श्वास-प्रश्वास र अग्निहरु, पाचन पोषण-सात्मीकरणवारे क्रियाहरुको ज्ञान । दोष-धातु-मल एकादशेन्द्रियको ज्ञान । स्वतन्त्र र परतन्व नाडी संस्थान, अन्तस्रावी ग्रन्थीहरुको कार्य र क्षय-वृद्धिका लक्षणको ज्ञान ।

४) **सेवा सम्बन्धी नीति, ऐन र नियमहरु:**

राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति, २०५२
राष्ट्रिय स्वास्थ्य नीति, २०७६
सुदूरपश्चिम प्रदेश स्वास्थ्य नीति, २०७८
नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र नियमावली, २०५५
आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५
सुदूरपश्चिम प्रदेश जनस्वास्थ सेवा ऐन, २०७६
सुदुरपश्चिम आयुर्वेद प्रतिष्ठान ऐन, २०७६
सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९
सार्वजनिक खरिद ऐन, २०६३ र सुदूरपश्चिम प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८
सुदूरपश्चिम प्रदेश प्रादेशिक आयुर्वेद चिकित्सालय व्यवस्थापन समिति गठन आदेश, २०७८
आयुर्वेद सम्वन्धी अनुसन्धानात्मक कार्य, आयुर्वेदमा परम्परागत ज्ञानको महत्व, संरक्षण र उपयोग

## Section: (B) - 20 Marks

**५) द्रब्यगुण:**

द्रब्यगुणशास्त्रको परिभाषा, रस-गुण-वीर्य-विपाक-प्रभावको ज्ञान। कर्मवाचक शब्दहरु जस्तै, दीपन- पाचन आदिको परिभाषा, गणहरु, भेषज प्रयोग गर्दा विचारणीय पक्षहरु जस्तै देश-काल-बल आदिको ज्ञान ।

निम्न द्रब्यहरुको नेपाली, संस्कृत र लेटिन नाम, कुल, सामान्य परिचय, मुख्य रसायनिक घटक, आमयिक प्रयोग संस्थानिक कर्म, विषाक्त प्रभाव र त्यसको निवारण, प्रयोज्य अङ्ग, मात्रा एवम् औषधि योग बारे ज्ञान

| | | | | | |
|---|---|---|---|---|---|
| अर्क | एलाद्वय | गुडुची | दन्ती | पिप्पली | रास्ना |
| अगरु | कर्कट श्रृङ्गी | गुग्गुल | दाडिम | पुनर्नवा | लताकरञ्ज |
| अग्निमन्थ | काञ्चनार | गोक्षुर | दारुहरिद्रा | पुष्करमूल | लवङ्ग |
| अजमोदा | कुटज | चाङ्गेरी | देवदारु | पृश्नपर्णी | लोध |
| अर्जुन | कण्टकारी | चित्रक | धतुर | बला | वासा |
| अतिबला | कपिकच्छु | चन्दन | धातकी | वचा | ब्राह्मी |

PPSC SUDURPASHCHIM

| | | | | | |
|---|---|---|---|---|---|
| अतिविषा | कुपिल | जम्बु | धान्यक | बृहती | वरुण |
| अपामार्ग | कुमारी | ज्योतिष्मती | नागकेशर | भल्लातक | बाकुची |
| अश्वगन्धा | करञ्ज | जातिफल | नागबला | भृङ्गराज | विभितक |
| अशोक | करवीर | जटामसी | निम्ब | मधुयष्टी | विडङ्ग |
| अहिफेन | किराततिक्त | जीरक | निम्बुक | मरिच | सप्तपर्ण |
| आर्दक | कुष्ठ | त्वक् | निर्गुण्डी | मण्डुकपर्णी | सर्पगन्धा |
| आमलकी | कृष्णजीरक | तुलसी | पटोल | मुस्तक | सारिवा |
| आरग्वध | कुष्माण्ड | तुवरक | पलाश | मिश्रेया | हरितकी |
| इन्द्रवारुणी | खदिर | तालिशपत्र | पाठा | यवासा | हिङ्गु |
| उशीर | गम्भारी | तेजोह्वा | पाटला | यवानी | हरिद्रा |
| एरण्ड | गन्धप्रसारिणी | त्रिवृत | पारसिकयवानी | रसोन | यार्सागुम्बा |
| पाँचऔले | सतुवा | चिराईतो | | | |

**६) रसशास्त्र :**

रसशास्त्र र भैषज्य कल्पनाको परिभाषा, लवण पञ्चक, क्षार पञ्चक, मधुरत्रय आदि । परिभाषा प्रकरण, औषधि निर्माणका पुट-भूषा-कोष्ठीको ज्ञान, रसको पर्याय, रसौषधिहरुको निर्माण विधि, मात्रा, गुण, आमयिक प्रयोग, उपरस-महारस, धातु, उपधातु, रत्न-उपरत्न, विष-उपविष आदिहरुको शोधन मारण र उपयोग आदिको ज्ञान ।

**७) भैषज्य कल्पना :**

भैषज्य कल्पनाका आधारभूत सिद्धान्तहरु पञ्चबिध कषाय कल्पना, चूर्ण, वटी, आसव, अरिष्ट, घृत, तैल आदिको निर्माण, प्रयोग, मात्रा र पथ्य निर्माणको ज्ञानको साथै औषधि सुरक्षण विधिको ज्ञान ।

## Section: (C) - 20 Marks

**८) स्वस्थवृत्त, व्यवहार आयुर्वेद :**

वैयक्तिक, सामाजिक एवम् पर्यावरणीय स्वास्थ्यको ज्ञान । आहार विधि, मात्रा, काल भूमि, जल, वायु, तेजको विकृति एवम् जनपदध्वंशको ज्ञान । स्वास्थ्य रक्षा, रोग प्रतिरोधात्मक उपायहरु, जनसंख्या, परिवार कल्याण, शिशु कल्याण कार्यक्रमहरु र अन्तर्राष्ट्रिय सहयोग बारे ज्ञान । योग तथा प्राकृतिक चिकित्साको ज्ञान ।

**९) अगदतन्त्र :**

स्थावर, जङ्गम, रसायनिक, कृत्रिम विषहरुको ज्ञान, विष परीक्षा, विषाक्त प्रभावहरु र त्यस सम्बन्धी उपचारको ज्ञान । व्यवहार आयुर्वेद सम्बन्धी शव परीक्षण विधि, न्यायिक वैद्यबारे ज्ञान ।

**१०) रोगविज्ञान तथा विकृति विज्ञानः**

दोष-धातु-मलहरुको उपचय, बृद्धि र क्षयका लक्षणहरु, दोषहरुको संचय, प्रकोप प्रसर आदिको ज्ञान । दोष दृष्यहरुको कोष्ठ-शाखाश्रय, दोषका कर्महरु, रोग मार्गहरु, विकृति विज्ञानको परिभाषा र महत्व, स्रोतहरुको विवरण, महत्व, स्रोतो वैगुण्य, स्रोतो दुष्टिका कारण, लक्षणहरुको ज्ञान । स्थानस्थ धातु विकृति, रोगका प्रकारहरु र तिनीहरुका विशेष अवस्थाहरु जस्तै, आम-पक्वको निरुपण, निदान पञ्चकको महत्व ।

विभिन्न स्रोतवह जस्तै रस-वह, रक्त-वह, प्राण-वह, उदक-वह, अन्न-वह, मेदो-वह, मनो-वह, स्रोत एवम् वातनाडी स्रोतका रोगहरुको विशिष्ट ज्ञान । जीवतिक्ति (भिटामिन) हीनता जनित रोगहरु, रोगोत्पत्तिमा सूक्ष्म जीवाणुहरुको भूमिका, परजीवीहरुको प्रकार, स्वरुप, रञ्जन विधि, जीवन चक्र, निर्जीवीकरण, कृत्रिम उत्पादनहरुको सामान्य परिचय, कफ मल-मूत्र-रक्त क्ष-किरण परीक्षण आदिको ज्ञान ।

रोग एवम् रोगी परीक्षण जस्तै, वक्ष-नाडी-उदर साथै त्रिविध, प्रमाणअनुसार चतुर्विध, पञ्चेन्द्रिय परीक्षा र प्रश्न अष्टविध रोगी परीक्षणको ज्ञान ।

PPSC SUDURPASHCHIM

**प्रदेश लोक सेवा आयोग**

**सुदूरपश्चिम प्रदेश**

**प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा अन्तरगत स्वास्थ्य सेवा, आयुर्वेद समूह, अधिकृत आठौं तह वा सो सरह पदको खुला, अन्तर तह र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

## Section: (D) - 30 Marks

**११) काय चिकित्सा :**

आदि दैविक, आदि भौतिक, अध्यात्मिक र स्थानीय रोगहरुको निदान, चिकित्सा सूत्र र चिकित्साको ज्ञान। कुपोषणजन्य एवम् मानस रोग तथा वृद्ध अवस्थाजन्य विशिष्ट व्याधिहरुको कारण, लक्षण र चिकित्साहरुको ज्ञान। पञ्चकर्म, षडक्रियाकाल, रसायन वाजीकरण, नैष्ठिकी चिकित्साको ज्ञान एवम् आत्ययिक चिकित्सामा विभिन्न अवस्थाको निदान र चिकित्साको ज्ञान। आधुनिक चिकित्साको विशिष्ट व्यवस्था पद्धतिहरुको ज्ञान।

**१२) शल्यतन्त्र/शालक्य**

शल्यतन्त्र सम्बन्धी व्रण, शोथ, दग्ध, सद्योव्रण, अर्बुद, अस्थिभग्न, सन्धिच्यूतको नैदानिक ज्ञान। अष्टविध शल्यकर्म आदिको ज्ञान। क्षारकर्म, सन्धानकर्म, रक्त मोक्षण आदिको ज्ञान। संस्थानगत आयुर्वेद एवम् आधुनिक शल्य कर्महरुको आधारभूत ज्ञान। शल्यमा प्रयोग हुने यन्त्र-शस्त्रहरु एवम् तिनीहरुको निर्जीविकरण (Sterilization) गर्ने विधिको ज्ञान।

उर्ध्वजत्रुगत जस्तै मुख, नेत्र, कर्ण, नासा एवं शिरोगत रोगहरुको कारण, निदान, लक्षण र चिकित्साको ज्ञान। क्रियाकल्प एवम् राष्ट्रियस्तरको अन्धोपन निवारण आदि आयोजनाहरुको ज्ञान।

**१३) बालरोग :**

बालरोग- शिशुहरुको क्षीर, क्षीरान्नाद अन्नाद आदि अवस्थाको ज्ञान। बालरोग परीक्षा विधी, बालकहरुमा हुने रोगहरु जस्तै, नाभिपाक, मुखफाक, गुदपाक, कुपोषण, कृशता, मलावरोध, छर्दि, अतिसार, ज्वर, क्षीरालसक र प्राणवह स्रोतका रोग। फक्क, यकृतविकृतिजन्य व्याधिहरु, शैशवीय पक्षाघात, दन्तोद्भेदजन्य रोग र अन्य रोगहरुको निदान, लक्षण, चिकित्सा एवम् औषधिको मात्रा निरुपण आदिको ज्ञान। पोषण, धातृ परीक्षण, बालग्रहको निदान, लक्षण र उपचार सम्बन्धी ज्ञान। खोप-सिद्धान्त भेद, खोप दिने समय र विधिहरुको ज्ञान। आत्ययिक अवस्थामा रोगीको प्राण बचाउन तत्कालिन आधुनिक औषधि तथा आकस्मिक रुपमा गरिने अन्य उपचार विधिहरुको प्रयोगको ज्ञान। स्वर्ण प्रासन, मस्कुल डिस्ट्राकी, सेरिब्रल प्लसी, डाउन सिण्ड्रम, अटिजम रोगहरुको सामान्य परिचय र उपचार विधिको ज्ञान

**१४) स्त्री -प्रसूती**

प्रसूतिसंग सम्बद्ध गर्भ, गर्भधारण, बीज, वृद्धि, प्रसवकर्म, सूतिकाब्याधी आदिको उपचार व्यवस्थाको ज्ञान। स्त्रीरोगहरु, योनिब्यापदको निदान लक्षण र चिकित्साको ज्ञान। मूढगर्भ एवं गर्भ विकृति आदिको ज्ञान।

**द्वितीय चरण (Second Phase) : सामूहिक परीक्षण र अन्तरवार्ता (Group Text & Interview)**

**सामुहिक परिक्षण (Group Test)** **(१० अंक)**

**सामुहिक छलफल (Group Discussion)**

यस प्रयोजनको लागि गरिने परीक्षण १० पूर्णाङ्क र ३० मिनेट अवधिको हुनेछ। जुन नेताविहिन सामूहिक छलफल (Leaderless Group Discussion) को रुपमा अवलम्बन गरिने छ | दिइएको प्रश्न वा Topic का बिषयमा पालैपालोसंग निर्दिस्ट समय भित्र समूह बीच छलफल गर्दै प्रत्येक उम्मेदवारले व्यक्तिगत प्रस्तुति (Individual Presentation) गर्नु पर्नेछ।

**सामुहिक छलफलमा दिइने नमुना प्रश्न वा Topic**

उदारणको लागि – स्वास्थ्य बीमा, जलवायु परिवर्तन, उर्जा संकट, गरीबी निवारण, खाद्य सुरक्षा, प्रतिभा पलायन जस्ता समसामयिक विषयवस्तुहरुबाट कुनै एक Topic दिइनेछ |

ΩΩTHE ENDΩΩ

PPSC SUDURPASHCHIM